तत्पश्चात शिक्षा तथा स्वास्थ्य समितिका मा० सभापति श्री जयपुरी घर्तीले "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० गृह मन्त्री श्री रामबहादुर थापाले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० गृह मन्त्री श्री रामबहादुर थापाले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीको क्रममा केही हेरफेर गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त उक्त "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री मोहन बानियां
३. मा० श्री छक्क बहादुर लामा
४. मा० श्री सञ्जय कुमार गौतम

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ मा उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ मा उल्लेखित संशोधनहरुलाई "संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ८ सम्म "संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले "संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "अर्थ समितिको प्रतिवेदन सहितको निवृत्तभरण कोष विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि उक्त "अर्थ समितिको प्रतिवेदन सहितको निवृत्तभरण कोष विधेयक, २०७५" माथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "निवृत्तभरण कोष विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "निवृत्तभरण कोष विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४ सम्म उल्लेखित संशोधनहरुलाई "निवृत्तभरण कोष विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३७ सम्म "निवृत्तभरण कोष विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "निवृत्तभरण कोष विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "निवृत्तभरण कोष विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "अर्थ समितिको प्रतिवेदन सहितको भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात उक्त "अर्थ समितिको प्रतिवेदन सहितको भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५" माथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ र २ मा उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ र २ मा उल्लेखित संशोधनहरुलाई "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४७ सम्म "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त "नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री देवप्रसाद गुरुङ

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल माघ ४ गते शुक्रबार दिनको १२:०० बजे बस्नेगरी दिनको २:५५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
## प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - १०
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ ४ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १२:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद ९ को व्यवस्था बमोजिम प्रारम्भ भएको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुले सम्माननीय प्रधानमन्त्रीसँग गर्नुभएको प्रश्नको सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले जवाफ दिनुभयो ।

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री प्रभु साह
४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५. मा० श्री रेखा शर्मा
६. मा० श्री गगन कुमार थापा
७. मा० श्री कृष्णभक्त पोखेल
८. मा० श्री अतहर कमाल मुसलमान
९. मा० श्री प्रदिप यादव
१०. मा० श्री चन्दा चौधरी

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रमको लागि आज निर्धारित गरिएको समय समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले आजको शून्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त विपक्षी दलका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री बालकृष्ण खांणलाई बोल्न समय दिनुहुँदा उहाँले नेपाल सरकार मन्त्रिपरिषद्ले विभिन्न नौवटा स्वास्थ्य केन्द्र सञ्चालन गर्न स्वीकृति दिएको तर जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, तनहुँ र शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल, बाँकेलाई हालसम्म मन्त्रिपरिषद्ले स्वीकृती प्रदान नगरेकोले उक्त दुवै उपचार केन्द्रलाई सरकारले अविलम्ब स्वीकृती प्रदान गरी अगाडि बढाउने कार्य गरोस् र यसलाई विघटन गर्नेतर्फ कदम नचालोस् भन्नुभयो ।

यसैबीच मा० श्री खगराज अधिकारीले नियमापत्ति गर्नुहुँदै मा० श्री बालकृष्ण खांणलाई नियमावलीको कुन नियम अन्तर्गत बोल्न दिइएको हो भन्नुभएपछि सम्माननीय सभामुखले उहाँलाई हात उठाएर मागिने ढ्यापढ्यापको समय उपलब्ध गराईएको हो भन्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
३. मा० श्री रेनुका गुरुङ्ग
४. मा० श्री लक्ष्मणलाल कर्ण
५. मा० श्री बहादुर सिंह लामा (तामाङ)
६. मा० श्री दिव्यमणि राजभण्डारी

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल माघ ७ गते सोमबार दिनको १२:०० बजे बस्नेगरी दिनको २:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा

तेस्रो अधिवेशन

## बैठक संख्या - ११

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ ७ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १२:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री विजयकुमार गच्छदारलाई समय दिनुहुँदा उहाँले यस अघिको सरकारको निर्णयलाई उल्टाई जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, तनहुँ र शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल, बाँकेलाई विघटन गर्ने सरकारको निर्णय अविलम्ब फिर्ता हुनुपर्ने र उक्त दुवै अस्पताललाई केन्द्रबाटै सञ्चालन गर्नेगरी स्वीकृती प्रदान गरी चाहिने पूर्वाधार लगायतका विषयहरु सरकारले उपलब्ध गराउनु पर्छ भन्नुहुँदै सो कुरा नभएसम्म सदनको कुनैपनि कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले बारम्बार मा० सदस्यहरुलाई आफ्नो आशन ग्रहण गरी बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुन अनुरोध गर्नुहुँदा पनि मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक पन्ध्र मिनेटपछि बस्नेगरी दिनको १२:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको पन्ध्र मिनेटको लागि स्थगित भएको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले बारम्बार मा० सदस्यहरुलाई आफ्नो आशन ग्रहण गरी बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुन अनुरोध गर्नुहुँदा पनि मा० सदस्यहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक २०७५ साल माघ ८ गते दिनको ३:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७५ साल माघ ८ गते मंगलबार दिनको ३:०० बजे बस्नेगरी दिनको २:३५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - १२
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ ८ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री प्रकाशमान सिंहलाई समय दिनुहुँदा उहाँले जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, तनहुँ र शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल, बाँकेलाई संघीय सरकारबाटै सञ्चालन गर्ने गरी सरकारबाट निर्णय हुनुपर्ने भन्नुहुँदै गिरिजाप्रसाद कोइराला एवं सुशिल कोइरालाको राजनीतिक पृष्ठभूमि तथा उहाँहरुको योगदानको कदर स्वरुप उक्त दुवै अस्पताललाई सञ्चालन अनुमति प्रदान नभएसम्म सदनको कुनैपनि कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आउनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयतर्फ यस अघिको बैठकमा सरकारको ध्यानाकर्षण गराइसकेको जानकारी गराउँदै बारम्बार मा० सदस्यहरुलाई आफ्नो आशन ग्रहण गर्न आग्रह गर्नुहुँदै सदनको कारवाही अगाडि बढाउन चाहन्छु भन्नुभयो । साथै मा० सदस्यहरुलाई आशन ग्रहण गरी बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुन समेत पटकपटक अनुरोध गर्नुहुँदा पनि मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक पन्ध्र मिनेटपछि बस्नेगरी दिनको ३:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको पन्ध्र मिनेटको लागि स्थगित भएको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु सभामुख आशन अगाडि वेलमा आई उभिनुभएपछि सम्माननीय सभामुखले मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेललाई "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले प्रस्ताव प्रस्तुत गर्न रोष्ट्रमतर्फ अगाडि बढ्नु हुँदा नेपाली काँग्रेसका मा० सदस्यहरुको अवरोधको कारण जान नसक्नुभएपछि सम्माननीय सभामुखले बैठक पुनः पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक पन्ध्र मिनेटपछि बस्नेगरी दिनको ४:१० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको दोस्रो पटक पन्ध्र मिनेटको लागि स्थगित भएको आजको बैठक सूचनापत्र-४ प्रकाशित गरी २०७५ साल माघ ११ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - १३
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ ११ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम) लाई समय दिनुहुँदा उहाँले जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, तनहुँ र शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल, बाँकेलाई संघीय सरकारबाटै सञ्चालन गर्ने गरी सरकारबाट निर्णय हुनुपर्ने भन्नुहुँदै राजनैतिक परिवर्तन र संविधान निर्माणको नेतृत्वकर्ता गिरिजाप्रसाद कोइराला एवं सुशिल कोइरालाको राजनीतिक पृष्ठभूमि तथा उहाँहरुको योगदानको कदर स्वरुप उक्त दुवै अस्पताललाई सञ्चालन अनुमति प्रदान नभएसम्म सदनको कुनैपनि कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आउनुभई विभिन्न किसिमका नाराहरु लगाउन थाल्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयतर्फ सरकारको ध्यानाकर्षण गराइसकेपछि बारम्बार मा० सदस्यहरुलाई आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्नुहुन अनुरोध गर्नुहुँदा पनि मा० सदस्यहरुले नाराहरु लगाउने कार्य नरोक्नु भएपछि सम्माननीय सभामुखले बैठकको कारवाही अगाडि बढाउनु भयो ।

तत्पश्चात बैठकमा नेपाली काँग्रेसका मा० सदस्यहरुको नाराहरुको बीचमै मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त उक्त "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५" माथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १६ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १६ सम्म उल्लेखित संशोधनहरुलाई "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५३ सम्म "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेललाई "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल माघ १७ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको २:४५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - १४
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ १७ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री मिनेन्द्र प्रसाद रिजाललाई समय दिनुहुँदा उहाँले प्रमुख प्रतिपक्षको दबाव पछि जी.पी. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, तनहुँ र शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल, बाँकेलाई संघीय सरकारबाटै सञ्चालन गर्ने गरी सरकारले निर्णयगरेको हो भन्नुहुँदै राष्ट्रिय चिकित्सा शिक्षा विधेयकलाई लिएर अनसनरत रहनु भएका डा. गोविन्द के.सी.को जीवन रक्षा गर्न संघीय संसद, राष्ट्रिय सभामा विचाराधीन उक्त विधेयकलाई संशोधन गरी पारित गर्ने दिशामा सरकार अगाडि बढोस् भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयलाई सरकारले सम्बोधन गरिसकेको छ र राष्ट्रिय चिकित्सा शिक्षा विधेयक पनि यस सभाबाट पारित भै राष्ट्रिय सभामा गइसकेकोले राष्ट्रिय सभाबाट उपयुक्त ढंगले पारित गर्न सकिने बाटो रहेकोले त्यसतर्फ लाग्नु हुन अनुरोध गर्नुहुँदै बारम्बार मा० सदस्यहरुलाई आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्नुहुन अनुरोध गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक २०७५ साल माघ २० गते आइतबार दिनको ३:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७५ साल माघ २० गते आइतबार दिनको ३:०० बजे बस्नेगरी दिनको १:३५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - १५, १६ र १७
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ २० गते आइतबार

---

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री गगन कुमार थापालाई समय दिनुहुँदा उहाँले सरकारले दुई तिहाईको दम्भ देखाएको, सम्बेदनशिलता, जिम्मेवारी, कर्तव्यबोध र जनउत्तरदायित्व हिन हुँदै गएको तर सरकारले यसो गर्‍यो भन्दैमा प्रमुख प्रतिपक्षले आफ्नो भूमिका कमजोर बनाउँदैन भन्नुहुँदै नेपाली काँग्रेस सदन अवरुद्ध नगरी देश र जनताको पक्षमा सदन र सरकारलाई कर्तव्यबोध गराउन हर तरहले लागि पर्छ भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा देहायका मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अतहर कमाल मुसलमान
२. मा० श्री ईन्दु कुमारी शर्मा
३. मा० श्री उमा रेग्मी
४. मा० श्री कृष्णभक्त पोखेल
५. मा० श्री खगराज अधिकारी
६. मा० श्री घनश्याम खतिवडा
७. मा० श्री जीप छिरिङ लामा

तदुपरान्त प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२७ बमोजिम प्रतिनिधि सभामा उत्पत्ति भएको "राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५" लाई राष्ट्रिय सभाले संशोधन विना फिर्ता पठाएको सन्देश सभा समक्ष जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले कार्यसूचीको क्रमसंख्या ४ र ५ मा रहेको कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात मा० गृह मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक १० मिनेटपछि बस्नेगरी दिनको ३:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभाबाट प्राप्त “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५” माथि प्रतिनिधि सभाको आजै बस्ने अर्को बैठकमा सामान्य छलफल गरिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक १० मिनेटपछि बस्नेगरी दिनको ४:०५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको तेस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले चालु बैठकको कार्यसूचीमा रहेको कार्यक्रमको क्रममा केही हेरफेर गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री देवप्रसाद गुरुङ
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री बिमला वि.क.
५. मा० श्री बहादुर सिंह लामा (तामाङ)
६. मा० श्री दुर्गा कुमारी विश्वकर्मा
७. मा० श्री खगराज अधिकारी
८. मा० श्री शान्तीमाया पाखीन (तामाङ)
९. मा० श्री मन कुमारी जी.सी.

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले “भूउपयोग विधेयक, २०७५” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि “भूउपयोग विधेयक, २०७५” लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम “भूउपयोग विधेयक, २०७५” प्रस्तुत गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७५ साल माघ २३ गते बुधबार दिनको १:०० बजे बस्नेगरी दिनको ५:१० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - १८ र १९
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ २३ गते बुधबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा देहायका मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री डिला सँग्रौला (पंत)
२. मा० श्री तिलबहादुर महत क्षेत्री
३. मा० श्री तेजुलाल चौधरी
४. मा० श्री दिल कुमारी
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री देवप्रसाद गुरुङ
७. मा० श्री देवेन्द्र राज कंडेल
८. मा० श्री धर्माशीला चापागाई
९. मा० श्री नमिता कुमारी चौधरी
१०. मा० श्री नवराज सिलवाल
११. मा० श्री दिलेन्द्र प्रसाद बडू
१२. मा० श्री पदम गिरी
१३. मा० श्री पार्वता डी.सी. (चौधरी)
१४. मा० श्री पुष्पा भुसाल (गौतम)
१५. मा० श्री प्रकाश रसाईली (स्नेही)
१६. मा० श्री प्रभु साह
१७. मा० श्री प्रेम सुवाल
१८. मा० श्री बालकृष्ण खांण

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद ८ बमोजिमको प्रश्नोत्तरको कार्यक्रम अन्तर्गत आज गृह मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रम रहेको जानकारी गराउँदै मा० मन्त्रीले उत्तर दिइसकेपछि उत्तरको सम्बन्धमा प्रश्नकर्ता बाहेक बढीमा ५ जना मा० सदस्यले स्पष्टीकरणको लागि पूरक प्रश्न सोध्न सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले मा० श्री देवेन्द्र राज कंडेलबाट सोधिएको प्रश्न नं. १ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री देवेन्द्रराज कंडेल, मा० श्री प्रेम सुवाल, मा० श्री बालकृष्ण खांण र मा० श्री मनकुमारी जी.सी.ले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले मा० श्री डिला सँग्रौला (पंत)बाट सोधिएको प्रश्न नं. २ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री डिला संग्रौला (पंत) मा० श्री गगनकुमार थापा र मा० श्री दिलेन्द्रप्रसाद वडुले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले मा० श्री रामबहादुर विष्टबाट सोधिएको प्रश्न नं. ३ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री रामबहादुर विष्ट, मा० श्री राजेन्द्रकुमार के.सी. र मा० श्री हिरा गुरुङले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले मा० श्री घनश्याम खतिवडाबाट सोधिएको प्रश्न नं. ४ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री घनश्याम खतिवडा र मा० श्री मिनेन्द्रप्रसाद रिजालले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री चक्रपाणी खनालले मा० श्री रामबहादुर विष्टबाट सोधिएको प्रश्न नं. ५ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री रामबहादुर विष्ट, मा० श्री लक्ष्मी परियार, मा० श्री राजेन्द्रकुमार के.सी., मा० श्री राजेन्द्रप्रसाद लिङदेन, मा० श्री मिनेन्द्रप्रसाद रिजाल र मा० श्री देवेन्द्रराज कंडेलले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापाले श्री सरिता न्यौपानेबाट सोधिएको प्रश्न नं. ६ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री सरिता न्यौपाने, मा० श्री पद्म गिरी, मा० श्री आशा कुमारी वि.क., मा० श्री विमला वि.क. र मा० श्री रंगमती शाहीले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले मा० श्री खगराज अधिकारीबाट सोधिएको प्रश्न नं. ७ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री खगराज अधिकारी, मा० श्री महेश वस्नेत र मा० श्री सञ्जयकुमार गौतमले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले मा० श्री दिलेन्द्रप्रसाद बडूबाट सोधिएको प्रश्न नं. ८ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री दिलेन्द्रप्रसाद वडु, मा० श्री रामबहादुर विष्ट, मा० श्री विरोध खतिवडा र मा० श्री प्रेम सुवालले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले मा० श्री डिला सँग्रौला (पंत)बाट सोधिएको प्रश्न नं. ९ को उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री डिला संग्रौला (पंत) मा० श्री दिव्यमणि राजभण्डारी र मा० श्री गगनकुमार थापाले सोध्नु भएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आजको लागि निर्धारित मन्त्रालय सम्बन्धी प्रश्नोत्तर कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि कानुन, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले “नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकका सम्बन्धमा समितिको प्रतिवेदन, २०७५” पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अट्ठाइसौं वार्षिक प्रतिवेदन २०७४/०७५” र “राष्ट्रिय मानव अधिकार आयोगको आ.व. २०७४/२०७५ वार्षिक प्रतिवेदन” सदन समक्ष पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले कार्यसूचीको क्रमसंख्या ४ र ५ मा रहेको कार्यक्रम सूचीबाट हटाईएको जानकारी गराउँदै “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता मा० गृह मन्त्री श्री रामबहादुर थापाले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५” लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० गृह मन्त्री श्री रामबहादुर थापाले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५” पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले कार्यसूचीको क्रमसंख्या ८ र ९ मा रहेको कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले “विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री महेश बस्नेत

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले “भूउपयोग विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "भूउपयोग विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री कृष्णभक्त पोखेल
३. मा० श्री गगन कुमार थापा
४. मा० श्री भरत कुमार शाह
५. मा० श्री सञ्जय कुमार गौतम
६. मा० श्री दिव्यमणि राजभण्डारी
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री अमनलाल मोदी
९. मा० श्री पदम गिरी
१०. मा० श्री सूर्यप्रसाद पाठक
११. मा० श्री जिपछिरिङ लामा
१२. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
१३. मा० श्री बिमला वि.क.
१४. मा० श्री महेश्वर जंग गहतराज (अथक)
१५. मा० श्री खेमप्रसाद लोहनी
१६. मा० श्री अञ्जना विशंखे
१७. मा० श्री मेटमणी चौधरी
१८. मा० श्री लक्ष्मणलाल कर्ण
१९. मा० श्री मोहन बानियां
२०. मा० श्री उमाशंकर अरगरिया
२१. मा० श्री शान्ता चौधरी
२२. मा० श्री पद्‌म नारायण चौधरी

तत्पश्चात मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्‌मा कुमारी अर्यालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "भूउपयोग विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक १० मिनेटपछि बस्नेगरी दिनको ५:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बेलुका ६:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७४/०७५", " न्याय परिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन २०७४/०७५" र "लोक सेवा आयोगको उनान्साठ्ठीऔं वार्षिक प्रतिवेदन २०७४/०७५" सदन समक्ष पेश गर्नुभयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५" माथि मा० श्री प्रेम सुवालबाट संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि संशोधनकर्ता मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तदुपरान्त उक्त विधेयकमाथिको दफावार छलफलमा मा० श्री शेरबहादुर तामाङले भाग लिनुभयो ।

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४ सम्म "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल माघ २५ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी बेलुकी ६:२५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - २० र २१
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ २५ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा देहायका मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री विमला नेपाली
२. मा० श्री भरत कुमार शाह
३. मा० श्री महेश बस्नेत
४. मा० श्री महेश्वर जंग गहतराज (अथक)
५. मा० श्री मिना सुब्बा
६. मा० श्री मोहन बानियां
७. मा० श्री यज्ञबहादुर बोगटी
८. मा० श्री यज्ञराज सुनुवार
९. मा० श्री यशोदा गुरुङ सुवेदी
१०. मा० श्री रंगमती शाही
११. मा० श्री राजेन्द्र कुमार के.सी.
१२. मा० श्री रामबहादुर विष्ट
१३. मा० श्री रेनुका गुरुङ्ग

त्यसपछि प्रारम्भ भएको विशेष समयमा देहायका मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री योगेश भट्टराई
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री हृदयेश त्रिपाठी
४. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
५. मा० श्री अतहर कमाल मुसलमान
६. मा० श्री पार्वती कुमारी विसुन्के
७. मा० श्री भिमसेन दास प्रधान
८. मा० श्री गणेश कुमार पहाडी

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद ८ बमोजिमको प्रश्नोत्तरको कार्यक्रममा अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय हटाइएको जानकारी गराउँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको मात्र उत्तर दिने कार्यक्रम रहेको र मा० मन्त्रीले उत्तर दिइसकेपछि प्रश्नको विषयसँग सम्बन्धित रही बढीमा ५ जना मा० सदस्यले पूरक प्रश्न सोध्न सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले मा० श्री खगराज अधिकारीबाट सोधिएको प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि उक्त उत्तरका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले पुरक प्रश्न सोध्नुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री शान्ता चौधरी
४. मा० श्री महेश्वर जंग गहतराज (अथक)
५. मा० श्री सञ्जय कुमार गौतम
६. मा० श्री भरत कुमार शाह

तदुपरान्त मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले उक्त पुरक प्रश्नहरुको उत्तर दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ४६ बमोजिम मा० श्री सरिता न्यौपानेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धी लिखित प्रश्न नं. १ को उत्तर स्वत: टेबुल भएको उक्त प्रश्नको उत्तर उपस्थिति तथा वितरण शाखाबाट उपलब्ध हुने व्यहोरा जानकारी गराउँदै आजको लागि निर्धारित मन्त्रालय सम्बन्धी प्रश्नोत्तर कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले "कर्मचारी समायोजन विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारीले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "कर्मचारी समायोजन विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारीले "कर्मचारी समायोजन विधेयक, २०७५" पेश गर्नुभयो ।

तदनन्तर अर्को बैठक १५ मिनेटपछि बस्नेगरी दिनको १२:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १२:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारीले "कर्मचारी समायोजन विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "कर्मचारी समायोजन विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री रेखा शर्मा
३. मा० श्री कृष्णभक्त पोखेल
४. मा० श्री महेश्वर जंग गहतराज (अथक)
५. मा० श्री सरिता गिरी
६. मा० श्री सञ्जय कुमार गौतम
७. मा० श्री दिलेन्द्र प्रसाद बडू
८. मा० श्री भरत कुमार शाह
९. मा० श्री गजेन्द्र बहादुर महत
१०. मा० श्री खगराज अधिकारी
११. मा० श्री उमाशंकर अरगरिया
१२. मा० श्री यशोदा गुरुङ सुवेदी
१३. मा० श्री सत्यनारायण शर्मा खनाल

तत्पश्चात मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "कर्मचारी समायोजन विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल माघ २९ गते मंगलबार दिनको १२:०० बजे बस्नेगरी दिनको १:४५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - २२
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल माघ २९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान १२:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा देहायका मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री विमला विश्वकर्मा
३. मा० श्री विरोध खतिवडा
४. मा० श्री शान्ता चौधरी
५. मा० श्री सत्यनारायण शर्मा खनाल
६. मा० श्री समिना हुसेन
७. मा० श्री सरला कुमारी यादव
८. मा० श्री सरिता कुमारी गिरी
९. मा० श्री सरवत आरा खानम
१०. मा० श्री लालबहादुर थापा
११. मा० श्री सुदन किरांती
१२. मा० श्री सञ्जयकुमार गौतम
१३. मा० श्री हिरा गुरुङ
१४. मा० श्री ज्ञानकुमारी छन्त्याल
१५. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की

तदुपरान्त अर्थ समितिका मा० सभापति श्री कृष्ण प्रसाद दाहालले “लेखापरीक्षण विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५” पेश गर्नुभयो ।

तत्पश्चात कानुन, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले “केही नेपाल ऐन संशोधन गर्ने विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५” पेश गर्नुभयो ।

त्यसपछि कृषि, सहकारी तथा प्राकृतिक श्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले “जीवनाशक विषादी व्यवस्थापन विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५” पेश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम मा० श्री डिला संग्रौला (पंत)ले “नेपालमा सडक दुर्घटनामा परेर मृत्यु वा घाइते हुनेको तथ्यांक पछिल्लो ५ वर्षमा भयावह रुपमा बढिरहेकोले दुर्घटना रोक्न कदम चाल्नु पर्ने, साथै करिव २६ वर्ष अघि वनाइएको सवारी तथा यातायात व्यवस्था ऐन र २० वर्ष अघिको सवारी तथा यातायात व्यवस्था नियमावलीका आधारमा यातायात व्यवस्थापन भइरहेको अवस्थामा सडक सुरक्षाको व्यवस्थापन, शिक्षा र सचेतना मार्फत सडक प्रयोगकर्तालाई सुरक्षित वनाई राष्ट्र संघीय दिगो विकास लक्ष्यले तोकेको २०२० भित्र सडकजन्य दुर्घटनामा परेर ज्यान गुमाउने र घाइते हुनेहरुको संख्या घटाउन राष्ट्रिय सडक सुरक्षा कार्ययोजना २०१३-२० कार्यान्वयन गरियोस् ।” भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्तावमाथि संक्षिप्त वक्तव्य सहित छलफल प्रारम्भ गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक मा० श्री सञ्जय कुमार गौतम र मा० श्री रंगमति शाहीले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री महेश वस्नेत
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री टेकबहादुर वस्नेत
४. मा० श्री खगराज अधिकारी
५. मा० श्री दुर्गा पौडेल
६. मा० श्री नवराज शिलवाल
७. मा० श्री विरोध खतिवडा
८. मा० श्री मिन बहादुर विश्वकर्मा
९. मा० श्री अमरेशकुमार सिंह
१०. मा० श्री रामबहादुर विष्ट
११. मा० श्री गणेशकुमार पहाडी
१२. मा० श्री रामकुमारी झांक्री
१३. मा० श्री देवप्रसाद तिमल्सीना
१४. मा० श्री सूर्यप्रसाद पाठक
१५. मा० श्री प्रदिप यादव
१६. मा० श्री तेजुलाल चौधरी
१७. मा० श्री घनश्याम खतिवडा
१८. मा० श्री गजेन्द्रबहादुर महत
१९. मा० श्री लक्ष्मी परियार
२०. मा० श्री खेमप्रसाद लोहनी
२१. मा० श्री विमला विश्वकर्मा
२२. मा० श्री तुलसा थापा
२३. मा० श्री इन्दुकुमारी शर्मा
२४. मा० श्री दिव्यमणि राजभण्डारी
२५. मा० श्री अमृता अग्रहरी

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रघुविर महासेठले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुपरीवेक्षण र समन्वय) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री जनार्दन शर्मा
२. मा० श्री अमरेश कुमार सिंह
३. मा० श्री भरतकुमार शाह
४. मा० श्री कृष्णभक्त पोखरेल
५. मा० श्री नवराज शिलवाल
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री दिव्यमणि राजभण्डारी
८. मा० श्री सञ्जयकुमार गौतम
९. मा० श्री उमाशंकर अरगरिया
१०. मा० श्री प्रदिप यादव
११. मा० श्री रेखा शर्मा
१२. मा० श्री रामकुमारी झाँक्री
१३. मा० श्री अञ्जना विशंखे
१४. मा० श्री चन्द्रकान्त चौधरी

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “कर्मचारी समायोजन विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले “भूउपयोग विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक,२०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनसहित नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ माथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५” का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५” का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १०६ सम्म “नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन ३ गते शुक्रबार दिनको ३:०० बजे बस्नेगरी दिनको ४:३० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - २३, २४ र २५
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन ३ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले कार्यसूचीको क्रमसंख्या १ मा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "संघीय निजामति सेवा विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालको विरोधको सूचना प्राप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात "संघीय निजामति सेवा विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात "संघीय निजामति सेवा विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव माथि मा० श्री प्रेम सुवालले प्रस्तुत गर्नुभएको विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले "संघीय निजामति सेवा विधेयक, २०७५" पेश गर्नुभयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ माथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १३ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १३ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५७ सम्म "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक दश मिनेटपछि बस्नेगरी दिनको ४:५५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ५:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले "कर्मचारी समायोजन विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको कर्मचारी समायोजन विधेयक माथि आजै वस्ने अर्को बैठकमा छलफल हुने कार्यक्रम रहेको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक पन्ध्र मिनेटपछि बस्नेगरी दिनको ५:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको तेस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ५:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको कर्मचारी समायोजन विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको कर्मचारी समायोजन विधेयक, २०७५" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री सरिता गिरी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री देवेन्द्र राज कंडेल
४. मा० श्री अतहर कमाल मुसलमान

तत्पश्चात मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "कर्मचारी समायोजन विधेयक, २०७५" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "कर्मचारी समायोजन विधेयक, २०७५" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३० सम्म "कर्मचारी समायोजन विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "कर्मचारी समायोजन विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले "कर्मचारी समायोजन विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन ६ गते सोमबार दिनको १:०० बजे बस्नेगरी दिनको ६:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - २६
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन ६ गते सोमबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अमनलाल मोदी
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री अमृता थापा
४. मा० श्री आशाकुमारी वि.क.
५. मा० श्री ईन्दु कुमारी शर्मा
६. मा० श्री उमा रेग्मी
७. मा० श्री उमाशंकर अरगरिया
८. मा० श्री कलिला खातुन
९. मा० श्री कृष्ण प्रसाद दाहाल
१०. मा० श्री खेमप्रसाद लोहनी
११. मा० श्री गणेश कुमार पहाडी
१२. मा० श्री गणेश सिंह ठगुन्ना
१३. मा० श्री गोपाल बहादुर बम
१४. मा० श्री गंगा चौधरी (सत्गौवा)
१५. मा० श्री घनश्याम खतिवडा
१६. मा० श्री झपटबहादुर रावल

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद ८ बमोजिमको प्रश्नोत्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रम अर्न्तगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री डिला संग्रौलाले आफ्नो प्रश्न नं. ११ सोध्नुभयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले मा० श्री डिला संग्रौलाले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री डिला संग्रौलाले आफ्नो प्रश्न नं. १२ सोध्नुभयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले उक्त प्रश्नको उत्तर दिनुभयो ।

तदुपरान्त मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नहरुको उत्तर दिनुभयो :-

१. मा० श्री डिला संग्रौला
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री लक्ष्मी परियार
४. मा० श्री रामकुमारी झाँक्री
५. मा० श्री यज्ञराज सुनुवार
६. मा० श्री रेखा कुमारी

त्यसपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री दिलेन्द्र प्रसाद बडूको तर्फबाट मा० श्री पुष्पा भुसाल (गौतम)ले आफ्नो प्रश्न नं. १३ सोध्नुभयो ।

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले उक्त प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नहरुको उत्तर दिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री रामकुमारी झाँक्री
३. मा० श्री मेटमणि चौधरी
४. मा० श्री लक्ष्मी परियार

तदुपरान्त शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री दिलेन्द्र प्रसाद बडूको तर्फबाट मा० श्री पुष्पा भुसाल (गौतम)ले आफ्नो प्रश्न नं. १४ सोध्नुभयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नहरुको उत्तर दिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री पार्वती कुमारी विशुन्के
३. मा० श्री मेटमणि चौधरी
४. मा० श्री लक्ष्मी परियार

तत्पश्चात ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री खगराज अधिकारीको तर्फबाट तिलबहादुर महत क्षेत्रीले आफ्नो प्रश्न नं. १५ सोध्नुभयो ।

त्यसपछि मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री वर्षमान पुनले उक्त प्रश्नको उत्तर दिनुभयो ।

तदुपरान्त मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नहरुको उत्तर दिनुभयो :-

१. मा० श्री तिलबहादुर महत क्षेत्री
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री प्रेम सुवाल

त्यसपछि ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री रामबहादुर विष्टले आफ्नो प्रश्न नं. १६ सोध्नुभयो ।

तदुपरान्त मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री वर्षमान पुनले उक्त प्रश्नको उत्तर दिनुभयो ।

तत्पश्चात मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नहरुको उत्तर दिनुभयो :-

१. मा० श्री रामबहादुर विष्ट
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री सरिता न्यौपाने
६. मा० श्री यज्ञबहादुर बोगटी

तत्पश्चात सम्माननीय सभामुखले आजको लागि निर्धारित मन्त्रालय सम्बन्धी प्रश्नोत्तरको कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले "संघीय निजामती सेवा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात "संघीय निजामती सेवा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गंगा चौधरी (सत्गौवा)
२. मा० श्री आशाकुमारी वि.क.
३. मा० श्री लक्ष्मी चौधरी
४. मा० श्री भरत कुमार शाह
५. मा० श्री रेखा शर्मा
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री पुष्पा भुसाल (गौतम)
८. मा० श्री विमला वि.क.
९. मा० श्री गणेश सिंह ठगुन्ना
१०. मा० श्री चन्दा चौधरी
११. मा० श्री गोपाल बहादुर बम
१२. मा० श्री राजेन्द्र कुमार के.सी.
१३. मा० श्री रामकुमारी झांक्री
१४. मा० श्री पार्वती कुमारी विशुन्के
१५. मा० श्री कलिला खातुन
१६. मा० श्री यज्ञबहादुर बोगटी
१७. मा० श्री प्रमोद साह
१८. मा० श्री अञ्जना विशंखे
१९. मा० श्री अमृता थापा

त्यसपछि मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "संघीय निजामती सेवा विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "अर्थ समितिको प्रतिवेदन सहितको लेखापरीक्षण विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त "अर्थ समितिको प्रतिवेदन सहितको लेखापरीक्षण विधेयक, २०७५" माथिको छलफलमा मा० श्री प्रेम सुवाल र मा० श्री दिव्यमणि राजभण्डारीले भाग लिनुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "लेखापरीक्षण विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "लेखापरीक्षण विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३० सम्म "लेखापरीक्षण विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "लेखापरीक्षण विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "लेखापरीक्षण विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी मन्त्री श्री चक्रपाणी खनालले "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ माथिको छलफलमा मा० श्री प्रेम सुवाल र मा० श्री नवराज सिलवालले भाग लिनुभयो ।

तदुपरान्त मा० कृषि तथा पशुपन्छी मन्त्री श्री चक्रपाणी खनालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २९ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४५ सम्म "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कृषि तथा पशुपन्छी मन्त्री श्री चक्रपाणी खनालले "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन ८ गते बुधबार दिनको २:०० बजे बस्नेगरी दिनको ४:३० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
**बैठक संख्या - २७**

**सूचनापत्र - २**
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन ८ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री राधा ज्ञवाली
२. मा० श्री लक्ष्मी परियार
३. मा० श्री चन्दा चौधरी
४. मा० श्री प्रदिप यादव
५. मा० श्री दुर्गा पौडेल
६. मा० श्री खगराज अधिकारी
७. मा० श्री रामबहादुर विष्ट
८. मा० श्री लक्ष्मणलाल कर्ण
९. मा० श्री रेनुका गुरुङ्ग
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री सोमप्रसाद पाण्डे
१२. मा० श्री उमा रेग्मी
१३. मा० श्री सत्य पहाडी
१४. मा० श्री विरोध खतिवडा
१५. मा० श्री रंगमति शाही
१६. मा० श्री केदार प्रसाद सिग्देल
१७. मा० श्री सरिता कुमारी गिरी
१८. मा० श्री मेटमणि चौधरी
१९. मा० श्री जुलीकुमारी महतो
२०. मा० श्री महेश बस्नेत
२१. मा० श्री पार्वती कुमारी विशुन्के
२२. मा० श्री प्रभु साह
२३. मा० श्री प्रमोद साह

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "कर्मचारी समायोजन विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी सभालाई गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले "सूचना प्रविधि सम्बन्धी विधेयक, २०७५" लाई प्रस्तुत गर्ने अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्ने अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले उक्त विधेयकलाई प्रस्तुत गर्ने अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "सूचना प्रविधि सम्बन्धी विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले "सूचना प्रविधि सम्बन्धी विधेयक, २०७५" पेश गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन १० गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:१५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - २८
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन १० गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री डिला संग्रौला (पंत)
२. मा० श्री दिल कुमारी
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री दुर्ग बहादुर रावत
५. मा० श्री दुर्गा पौडेल
६. मा० श्री देव प्रसाद गुरुङ
७. मा० श्री देव प्रसाद तिमलसेना
८. मा० श्री धर्माशीला चापागाई
९. मा० श्री ध्रुवकुमार शाही
१०. मा० श्री नर बहादुर धामी
११. मा० श्री नवराज रावत
१२. मा० श्री नारायण प्रसाद खतिवडा
१३. मा० श्री पदम गिरी
१४. मा० श्री पवित्रा निरौला (खरेल)
१५. मा० श्री पार्वता डी.सी. (चौधरी)
१६. मा० श्री पार्वती कुमारी विशुन्के
१७. मा० श्री पुष्पा भुसाल (गौतम)
१८. मा० श्री प्रदिप यादव
१९. मा० श्री प्रमिला राई
२०. मा० श्री प्रेमबहादुर आले
२१. मा० श्री प्रेम सुवाल
२२. मा० श्री बालकृष्ण खांण

तदुपरान्त प्रश्नोत्तरको कार्यक्रममा खानेपानी मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रम अर्न्तगत खानेपानी मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री डिला संग्रौला (पंत)ले आफ्नो प्रश्न नं. १७ सोध्नुभयो ।

तत्पश्चात मा० खानेपानी मन्त्री श्री विना मगरले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

१. मा० श्री डिला संग्रौला (पंत)
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री महेश बस्नेत
४. मा० श्री गगन कुमार थापा
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री बहादुर सिंह लामा

तदुपरान्त सम्माननीय सभामुखले आजको लागि निर्धारित मन्त्रालय सम्बन्धी प्रश्नोत्तरको कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले “सूचना प्रविधि सम्बन्धी विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि “सूचना प्रविधि सम्बन्धी विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री नवराज सिलवाल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री महेश बस्नेत
४. मा० श्री योगेश भट्टराई
५. मा० श्री खगराज अधिकारी
६. मा० श्री गगन कुमार थापा
७. मा० श्री डिला संग्रौला (पंत)
८. मा० श्री विमला वि.क.
९. मा० श्री रेनुका गुरुङ्ग
१०. मा० श्री सूर्यप्रसाद पाठक
११. मा० श्री दिव्यमणि राजभण्डारी

तदुपरान्त मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “सूचना प्रविधि सम्बन्धी विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले “संघीय निजामती सेवा विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन १४ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी दिनको ३:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - २९
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन १४ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री बिमला वि.क.
२. मा० श्री भूमिप्रसाद त्रिपाठी
३. मा० श्री महेश्वरजंग गहतराज (अथक)
४. मा० श्री मायादेवी न्यौपाने
५. मा० श्री मोहन बानियां
६. मा० श्री यज्ञबहादुर बोगटी
७. मा० श्री यज्ञराज सुनुवार
८. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
९. मा० श्री रंगमति शाही
१०. मा० श्री राजेन्द्र कुमार राई
११. मा० श्री रामबहादुर विष्ट
१२. मा० श्री रेनुका गुरुङ्ग
१३. मा० श्री लक्ष्मी कुमारी चौधरी

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम मा० श्री खगराज अधिकारीले "स्वास्थ्य बीमा ऐन अर्न्तगतका कार्यक्रमलाई देशव्यापी रुपमा लागू गर्दै गुणस्तरीय औषधी उपकरण र जनशक्तिको प्रबन्ध गरी सातवटै प्रदेशहरुमा पूर्ण क्षमताका अस्पतालको Emergency, ICU लगायतको प्रबन्ध गरी सम्पूर्ण नागरिकहरुलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि कानून, नियम र निर्देशिकाहरु बनाई लागू गर्न आवश्यक भएको ।" भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्तावमाथि संक्षिप्त वक्तव्य सहित छलफल प्रारम्भ गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावका समर्थक मा० श्री अञ्जना विशंखे र मा० श्री मनकुमारी जि.सी.ले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री रामकुमारी झाँक्री
३. मा० श्री आशा कुमारी वि.क.
४. मा० श्री मिना सुब्बा
५. मा० श्री बिमला वि.क.
६. मा० श्री डिला संग्रौला (पंत)
७. मा० श्री दिव्यमणि राजभण्डारी
८. मा० श्री गणेश सिंह ठगुन्ना
९. मा० श्री देवप्रसाद तिमलसेना
१०. मा० श्री विशाल भट्टराई
११. मा० श्री चन्द्रकान्त चौधरी
१२. मा० श्री नवराज सिलवाल
१३. मा० श्री यज्ञराज सुनुवार
१४. मा० श्री पदम गिरी
१५. मा० श्री रामबहादुर विष्ट
१६. मा० श्री प्रेम सुवाल
१७. मा० श्री बृजेश कुमार गुप्त
१८. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
१९. मा० श्री सुरेश चन्द्र दास
२०. मा० श्री घनश्याम खतिवडा
२१. मा० श्री गजेन्द्र बहादुर महत
२२. मा० श्री मेटमणि चौधरी
२३. मा० श्री नारायण प्रसाद मरासिनी
२४. मा० श्री नारायणप्रसाद खतिवडा
२५. मा० श्री यज्ञबहादुर बोगटी
२६. मा० श्री नवराज रावत
२७. मा० श्री गोपाल बहादुर बम
२८. मा० श्री भिमसेन दास प्रधान
२९. मा० श्री मोहन बानियां
३०. मा० श्री सोमप्रसाद पाण्डेय
३१. मा० श्री दुर्गा पौडेल
३२. मा० श्री उमाशंकर अरगरिया

३३. मा० श्री तेजुलाल चौधरी

तत्पश्चात मा० स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा० सुरेन्द्र कुमार यादवले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५" पेश गर्नुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५" माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० सञ्चार तथा सूचना प्रविधि मन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सूचना प्रविधि सम्बन्धी विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन १६ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको २:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा

तेस्रो अधिवेशन

## बैठक संख्या - ३०

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन १७ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभा सदस्य रविन्द्र प्रसाद अधिकारी लगायत अन्य ६ जनाको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०६४ र २०७० सालको संविधानसभा र २०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा कास्की जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य, नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का केन्द्रीय सदस्य, व्यवस्थापिका-संसदको विकास समितिका पूर्व सभापति, लोकतान्त्रिक आन्दोलनका अथक योद्धा एवं जनताको पक्षमा अनवरत रुपमा लाग्नु भएका विकासप्रेमी जनप्रिय नेता एवं सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र प्रसाद अधिकारी लगायत अन्य ६ जनाको मिति २०७५ साल फागुन १५ गते ताप्लेजुङ्ग जिल्ला, फुङलिङ नगरपालिका वडा नं. १० मा पर्ने सिस्नेभीरमा एयर डाइनेष्टीको हेलिकप्टर दुर्घटनामा परि असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र वहाँहरुको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन १८ गते शनिबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:१० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - ३१ र ३२
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन १८ गते शनिबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको विशेष समयमा मा० श्री गणेश सिंह ठगुन्ना र मा० श्री दिलेन्द्र प्रसाद बडूले दार्चुलामा भएको जीप दुर्घटनामा परी मृत्यु भएका यात्रुहरुप्रति समवेदना प्रकट गर्दै घाइतेहरुका लागि सरकारले उचित व्यवस्था गरोस् भन्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "केहि नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५", "नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५" र "निवृत्तभरण कोष विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देशहरु टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "केहि नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५", "नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५" र "निवृत्तभरण कोष विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधन माथि आजै आधा घण्टा पछि बस्ने बैठकमा छलफल हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक आजै आधा घण्टापछि बस्नेगरी दिनको १:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले राष्ट्रियसभाबाट प्राप्त "प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री सञ्जय कुमार गौतम

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "केहि नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री पुष्पा भुसाल (गौतम)

त्यसपछि मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “केहि नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ का सम्बन्धमा मा० मन्त्रीले जवाफ दिने क्रममा अस्वीकार गर्नुभएका संशोधन बाहेक राष्ट्रिय सभाबाट भएका बाँकी संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालले “नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “निवृत्तभरण कोष विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “निवृत्तभरण कोष विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन २१ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको २:४५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा

तेस्रो अधिवेशन

## बैठक संख्या - ३३

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन २१ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले पूर्व सदस्य भरतमोहन अधिकारीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक ने.क.पा. (एमाले) को तर्फबाट २०४८, २०५१ र २०५६ सालको प्रतिनिधि सभा, २०६३ सालको पुनर्स्थापित प्रतिनिधि सभामा मोरङ्ग जिल्लाबाट निर्वाचित सदस्य र २०७० सालको संविधान सभामा समानुपातिक सदस्य, उपप्रधानमन्त्री तथा अर्थ मन्त्री सहित विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हाल्नु भएको, २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि गठन भएको संविधान सुझाव आयोगको सदस्य, लोकतान्त्रिक आन्दोलनका अथक योद्धा एवं जनप्रिय नेता भरतमोहन अधिकारीको ८३ वर्षको उमेरमा काठमाडौंस्थित ह्याम्स अस्पतालमा उपचारको क्रममा मिति २०७५ साल फागनु १८ गते शनिबार निधन भएकोमा शोक प्रकट गर्दै उहाँले राज्यको लागि पुर्‍याउनु भएको योगदानको उच्च सम्मान गर्दछ र शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय भरतमोहन अधिकारीको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन २२ गते बुधबार दिनको १:०० बजे बस्नेगरी दिनको १:०५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - ३४
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन २२ गते बुधबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री लालबहादुर थापा
३. मा० श्री बसन्तकुमार नेम्वाङ
४. मा० श्री विरोध खतिवडा
५. मा० श्री विष्णु शर्मा
६. मा० श्री शान्ता चौधरी
७. मा० श्री बोधमाया कुमारी यादव
८. मा० श्री सत्य पहाडी
९. मा० श्री सरिता कुमारी गिरी
१०. मा० श्री सुजाता परियार
११. मा० श्री सञ्जय कुमार गौतम
१२. मा० श्री हिरा गुरुङ्ग
१३. मा० श्री ज्ञान कुमारी छन्त्याल

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० डा० बाबुराम भट्टराई
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री बालकृष्ण खांण
४. मा० श्री महिन्द्र राय यादव
५. मा० श्री उमाशंकर अरगरिया
६. मा० श्री नरबहादुर धामी
७. मा० श्री सिता देवी यादव
८. मा० श्री प्रमोद साह
९. मा० श्री प्रदिप यादव
१०. मा० श्री राजेन्द कुमार राई
११. मा० श्री दिलेन्द्र प्रसाद बडू
१२. मा० श्री राजबहादुर बुढा
१३. मा० श्री जिपछिरिङ्ग लामा
१४. मा० श्री शान्तीमाया तामाङ्ग (पाखिन)
१५. मा० श्री मिना पाण्डे

त्यसपछि सम्माननीय सभामुखले चालु अधिवेशनका विभिन्न बैठकहरुमा शून्य र विशेष समयमा मा० सदस्यहरुले उठाउनु भएको शैक्षिक क्षेत्रसँग सम्बन्धित विषयप्रति मेरो गम्भिर ध्यानाकर्षण भएको र सो लगायत शून्य र विशेष समयमा उठेका अन्य विषयप्रति नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तत्पश्चात कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले "भूउपयोग विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापाले "महान्यायाधिवक्ताको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन" पेश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम मा० श्री विन्दा पाण्डेले "नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशमा प्रचलित अन्धविश्वासमा आधारित छाउपडी प्रथाजस्तो कुसंस्कारका कारण सुत्केरी तथा महिनावारी भएका महिलाहरुले अपमान र अमानवीय व्यवहार सहँदै आउनु परेको, वर्षेनी बलात्कार, हिंसाको शिकार हुनु परेको, फौजदारी कानुन बनेर कार्यान्वयनमा आइसक्दा पनि कुसंस्कारको अन्त्य नभएकोले उक्त रुढिवादी प्रथाको अन्त्यका लागि संघीय तहदेखि स्थानीय तहसम्म विशेष अभियान सञ्चालन गरी कानुन कार्यान्वयनमा जोड दिनु पर्ने भएकोले ।" भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्तावमाथि संक्षिप्त वक्तव्य सहित छलफल प्रारम्भ गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक मा० श्री रंगमति शाही, मा० श्री नरबहादुर धामी र मा० श्री लालबहादुर थापाले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रेखा शर्मा
२. मा० श्री गंगा चौधरी सत्गौवा
३. मा० श्री आशा कुमारी वि.क.
४. मा० श्री विमला वि.क.
५. मा० श्री कृष्णभक्त पोखेल
६. मा० श्री दिव्यमणि राजभण्डारी
७. मा० श्री नवराज सिलवाल
८. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
९. मा० श्री उमा रेग्मी
१०. मा० श्री गोपाल बहादुर बम
११. मा० श्री राम कुमारी झाँक्री
१२. मा० श्री झपट बहादुर रावल
१३. मा० श्री मोहन बानियां
१४. मा० श्री नारायण प्रसाद खतिवडा
१५. मा० श्री रामबहादुर विष्ट
१६. मा० श्री सुजाता परियार
१७. मा० श्री लक्ष्मी परियार
१८. मा० श्री रेनुका गुरुङ्ग
१९. मा० श्री नवराज रावत
२०. मा० श्री गजेन्द्र बहादुर महत
२१. मा० श्री विमला नेपाली
२२. मा० श्री अमृता देवी अग्रहरी

२३. मा० श्री प्रेम सुवाल
२४. मा० श्री दुर्गा बहादुर रावत
२५. मा० श्री अञ्जना विशंखे
२६. मा० श्री मनकुमारी जि.सी.
२७. मा० श्री तुलसा थापा
२८. मा० श्री प्रदिप गिरी

तदुपरान्त मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापाले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सेफ गार्डस्, एन्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात "सेफ गार्डस्, एन्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "सेफ गार्डस्, एन्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५" पेश गर्नुभयो ।

त्यसपछि "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५" पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या १० मा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन २३ गते बिहीबार दिनको १२:०० बजे बस्नेगरी दिनको ६:३० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - ३५ र ३६
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन २३ गते बिहीबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १२:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर मा० श्री हृदयेश त्रिपाठी र मा० श्री पुष्पा भुसाल (गौतम)ले सरकार उखु किसान मैत्री हुन नसकेको र किसानले पाउने अनुदानको कार्यान्वयन नहुँदा किसानले उचित लाभ नपाएको, वि.पी उद्यान निर्माण लगायतका विविध विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो ।

तत्पश्चात उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री बिमलप्रसाद श्रीवास्तवले "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री देवप्रसाद गुरुङ
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री जनार्दन शर्मा
६. मा० श्री भरत कुमार शाह
७. मा० श्री उमाशंकर अरगरिया
८. मा० श्री सोमप्रसाद पाण्डेय
९. मा० श्री रेनुका गुरुङ्ग
१०. मा० श्री नवराज सिलवाल

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री मेटमणि चौधरी
३. मा० श्री कृष्णभक्त पोखेल
४. मा० श्री सोमप्रसाद पाण्डेय
५. मा० श्री भीमबहादुर रावल
६. मा० श्री देवप्रसाद गुरुङ्ग
७. मा० श्री भरत कुमार शाह
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री रेनुका गुरुङ्ग
१०. मा० श्री मोहन बानियां
११. मा० श्री गोपाल बहादुर बम
१२. मा० श्री सूर्यप्रसाद पाठक
१३. मा० श्री नारदमुनि राना
१४. मा० श्री सञ्जय कुमार गौतम

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको क्रमसंख्या ४ को कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक आजै दश मिनेटपछि बस्नेगरी दिनको २:१५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले पूर्व सदस्य गणेश पण्डितको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक तत्कालिन ने.क.पा. (एमाले) को तर्फबाट २०४८ सालमा नुवाकोट जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित, कम्युनिष्ट आन्दोलनका योद्धा गणेश पण्डितको ७२ वर्षको उमेरमा महाराजगञ्जस्थित शिक्षण अस्पतालमा हृदयघातको उपचारको क्रममा मिति २०७५ साल फागुन २१ गते मंगलबार निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय गणेश पण्डितको सम्झनामा उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन २६ गते आइतबार दिनको १२:०० बजे बस्नेगरी दिनको २:३५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा

तेस्रो अधिवेशन

## बैठक संख्या - ३७ र ३८

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन २६ गते आइतबार

---

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १२:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री महिन्द्र राय यादवलाई समय दिनुहुँदा उहाँले राष्ट्रिय जनता पार्टी नेपालबाट उठाइएका राष्ट्रिय सवालका माग पुरा हुन नसकेको, संविधान संशोधनको माग पुरा नगरेको, जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक नगरेको लगायतका कारण सरकारलाई दिएको आफ्नो पार्टीको समर्थन फिर्ता लिएको जानकारी गराउँदै सरकार विविध क्षेत्रमा असफल भैसकेको छ भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० श्री महिन्द्र राय यादवले उठाएको विषयप्रति सदनको गम्भिर ध्यानाकर्षण भएको छ, यसतर्फ सरकारको ध्यानाकर्षण गराउँछु र सो सम्बन्धमा आवश्यक जवाफ दिन नेपाल सरकारलाई निर्देश गर्दछु भन्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अञ्जना विशंखे
२. मा० श्री अमृता देवी अग्रहरी
३. मा० श्री आशा कुमार वि.क.
४. मा० श्री ईन्दु कुमारी शर्मा
५. मा० श्री कृष्णभक्त पोखेल
६. मा० श्री खगराज अधिकारी
७. मा० श्री खेमप्रसाद लोहनी
८. मा० श्री गगन कुमार थापा
९. मा० श्री गजेन्द्र बहादुर महत
१०. मा० श्री घनश्याम खतिवडा
११. मा० श्री चित्रलेखा यादव
१२. मा० श्री जयपुरी घर्ती
१३. मा० श्री जीवनराम श्रेष्ठ

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भीमबहादुर रावल
२. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री रेनुका गुरुङ्ग
४. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री महेश बस्नेत
७. मा० श्री दिव्यमणि राजभण्डारी
८. मा० श्री प्रेम प्रसाद तुलाचन
९. मा० श्री मिना सुब्बा
१०. मा० श्री पदम गिरी
११. मा० श्री हिरा गुरुङ्ग
१२. मा० श्री राधा ज्ञवाली

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धनबीच भएको सम्झौताका विषयमा सदनलाई जानकारी गराउँदै सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम देहायका मा० सदस्यहरुले मा० गृह मन्त्रीको वक्तव्यको सम्बन्धमा प्रश्न सोध्नुभयो :-

१. मा० श्री डिला सँग्रौला (पंत)
२. मा० श्री बालकृष्ण खांण
३. मा० श्री पार्वता डि.सी. (चौधरी)
४. मा० श्री अनिल कुमार झा
५. मा० श्री राजकिशोर यादव
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री जनार्दन शर्मा
८. मा० श्री राजेन्द्र कुमार के.सी.
९. मा० श्री पुष्पा भुसाल (गौतम)
१०. मा० श्री रामबहादुर विष्ट
११. मा० श्री देवप्रसाद तिमलसेना

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले उक्त प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "सेफ गार्डस्, एन्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "सेफ गार्डस्, एन्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री सोमप्रसाद पाण्डेय | ५. | मा० श्री प्रेम सुवाल |
| २. | मा० श्री दिव्यमणि राजभण्डारी | ६. | मा० श्री गजेन्द्र बहादुर महत |
| ३. | मा० श्री देवप्रसाद गुरुङ | ७. | मा० श्री सञ्जय कुमार गौतम |
| ४. | मा० श्री मेटमणि चौधरी | | |

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सेफ गार्डस्, एन्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री दिव्यमणि राजभण्डारी | ५. | मा० श्री देवप्रसाद गुरुङ |
| २. | मा० श्री भरतकुमार शाह | ६. | मा० श्री रेनुका गुरुङ्ग |
| ३. | मा० श्री पदम गिरी | ७. | मा० श्री प्रेम सुवाल |
| ४. | मा० श्री गजेन्द्र बहादुर महत | | |

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री देवप्रसाद तिमलसेनाले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्ने प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ९६ रहेकोले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५ माथिको छलफलमा मा० श्री दिव्यमणि राजभण्डारी र मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १३ सम्म "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित भूउपयोग विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित भूउपयोग विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री सञ्जय कुमार गौतम
४. मा० श्री पुष्पा भुसाल (गौतम)

तदुपरान्त मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "भूउपयोग विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १७ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "भूउपयोग विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १७ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३१ सम्म "भूउपयोग विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "भूउपयोग विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले "भूउपयोग विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक आजै दश मिनेटपछि बस्नेगरी दिनको ४:१० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको क्रमसंख्या १ को कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा बैठकलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभाका पूर्व सदस्य जीतबहादुर पुरीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

### शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेसको तर्फबाट २०५६ सालमा राष्ट्रिय सभा सदस्यमा निर्वाचित, २०१४ सालको भद्र अवज्ञा आन्दोलनका सक्रिय योद्धा, लोकतन्त्र स्थापनाको संघर्षमा क्रियाशील कुशल नेता एवं समाजसेवी जीतबहादुर पुरीको ७७ वर्षको उमेरमा झापा जिल्लामा उपचारको क्रममा मिति २०७५ साल फागनु २२ गते बुधबार निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय जीतबहादुर पुरीको सम्झनामा उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७५ साल फागुन २९ गते बुधबार दिनको १२:०० बजे बस्नेगरी दिनको ४:४० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - ३९ र ४०
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल फागुन २९ गते बुधबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १२:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री राजकिशोर यादवलाई समय दिनुहुँदा उहाँले राष्ट्रिय जनता पार्टी नेपालबाट उठाइएका विषयमा जवाफ दिनको लागि सम्माननीय सभामुखबाट भएको रुलिङ्गको वेवास्ता गरिएको, अघिल्लो सरकार र मधेशी दलहरुबीच भएको सम्झौता बमोजिम गठन भएको पूर्व न्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्ने सम्बन्धमा सरकारले चासो नराखेकोले यी विषयहरुको यथोचित सम्बोधन नभएसम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयमा सदनको अघिल्लो बैठकमा नै सरकारको ध्यानाकर्षण भैसकेको र सरकारको तर्फबाट केही भनाई पनि आइसकेको छ भन्नुहुँदै मा० सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न बारम्बार अनुरोध गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक दश मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आजै दश मिनेटपछि बस्नेगरी दिनको १२:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै दश मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले लाल आयोगको प्रतिवेदन यथाशिघ्र सार्वजनिक गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउनु भएपछि उहाँहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तदुपरान्त वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रम अर्न्तगत वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री पवित्रा निरौला (खरेल)ले आफ्नो प्रश्न नं. १८ सोध्नुभयो ।

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

१. मा० श्री देवेन्द्रराज कंडेल
२. मा० श्री पार्वता डि.सी. (चौधरी)
३. मा० श्री सञ्जय कुमार गौतम
४. मा० श्री राजेन्द्र कुमार लिङदेन
५. मा० श्री शरत सिंह भण्डारी

तदुपरान्त अर्थ मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा मा० श्री विन्दा पाण्डेले आफ्नो प्रश्न नं. १९ सोध्नुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री सुजिता शाक्य
४. मा० श्री भीमबहादुर रावल
५. मा० श्री अनिल कुमार झा

तदुपरान्त सम्माननीय सभामुखले आजको लागि निर्धारित मन्त्रालय सम्बन्धी प्रश्नोत्तरको कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएको "ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "निर्वाचन आयोगको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन" पेश गर्नुभयो ।

तदुपरान्त अर्थ समितिका मा० सभापति श्री कृष्णप्रसाद दाहालले "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५" सदन समक्ष पेश गर्नुभयो ।

तत्पश्चात राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशी श्रेष्ठले "प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५" सदन समक्ष पेश गर्नुभयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "पारमाणविक विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "पारमाणविक विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री शशी श्रेष्ठ
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री मेटमणि चौधरी
४. मा० श्री देवप्रसाद गुरुङ
५. मा० श्री भीमबहादुर रावल
६. मा० श्री नवराज सिलवाल
७. मा० श्री भरत कुमार शाह
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री रेखा शर्मा
१०. मा० श्री सोमप्रसाद पाण्डेय
११. मा० श्री सञ्जय कुमार गौतम
१२. मा० श्री दिव्यमणि राजभण्डारी
१३. मा० श्री योगेश भट्टराई
१४. मा० श्री अञ्जना विशंखे
१५. मा० श्री अमृता थापा
१६. मा० श्री शेरबहादुर तामाङ्ग

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "पारमाणविक विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५" र "प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५" माथि आजै बस्ने अर्को बैठकमा समितिको प्रतिवेदन सहित छलफल गर्ने कार्यक्रम रहेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक आजै आधा घण्टापछि बस्नेगरी दिनको ३:०० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ३:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "सेफ गार्डस्, एन्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्मानीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "अर्थ समितिको प्रतिवेदन सहित सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त अर्थ समितिको प्रतिवेदन सहित सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५ माथिको छलफलमा मा० श्री दिव्यमणि राजभण्डारी र मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तत्पश्चात सम्मानीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५” का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५” का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ७१ सम्म “सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्मानीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिलेन्द्रप्रसाद बडू
२. मा० श्री सञ्जय कुमार गौतम
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले “प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ११ सम्म “प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल चैत्र ३ गते आइतबार दिनको ३:०० बजे बस्नेगरी दिनको ४:३० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा

तेस्रो अधिवेशन

## बैठक संख्या - ४१

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल चैत ३ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री लक्ष्मणलाल कर्णलाई समय दिनुहुँदा उहाँले राष्ट्रिय जनता पार्टी नेपालबाट बारम्बार पूर्व न्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्न सदनमा कुरा उठाएपछि सम्माननीय सभामुखले सो विषयप्रति सरकारको ध्यानाकर्षण गराउनु हुँदा पनि सरकारले संसदको निर्देशनको वेवास्ता गरेकोले उक्त आयोगको प्रतिवेदन सार्वजनिक नभएसम्म सदनको कारवाही अगाडि बढाउन दिंदैनौं भन्नुभएपछि राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयप्रति सरकारको ध्यानाकर्षण भएको हुनुपर्छ र सरकारले उचित समयमा उक्त आयोगको प्रतिवेदन सार्वजनिक गर्ला भन्नुहुँदै मा० सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न बारम्बार अनुरोध गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक दश मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आजै दश मिनेटपछि बस्नेगरी दिनको ३:१० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै दश मिनेटको लागि स्थगित भएको बैठक सूचनापत्र-४ प्रकाशित गरी अर्को बैठक २०७५ साल चैत्र ४ गते सोमबार दिनको २:०० बजे बस्नेगरी स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - ४२ र ४३
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल चैत ४ गते सोमबार

---

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री अनिलकुमार झालाई समय दिनुहुँदा उहाँले सरकारले पूर्व न्यायाधीश गिरीश चन्द्र लालको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन सार्वजनिक नगरी सत्य लुकाउन खोजेको, सम्माननीय सभामुखबाट भएको रुलिङ्गको समेत वेवास्ता गरेको, विधिको शासन र संसदीय सर्वोच्चताको खिल्ली उडाएको भन्नुहुँदै सम्माननीय सभामुखबाट पुनः सरकारलाई निर्देशन होस् र उक्त आयोगको प्रतिवेदन सार्वजनिक नभएसम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयप्रति सरकारको ध्यानाकर्षण भैसकेकोले मा० सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न बारम्बार अनुरोध गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक दश मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आजै दश मिनेटपछि बस्नेगरी दिनको २:२५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै दश मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट सदनमा उठाइएका विषयप्रति सरकार गम्भिर रहेको र गिरिश चन्द्र लाल आयोगको प्रतिवेदन सरकारले छिट्टै सार्वजनिक गरी कार्यान्वयन गर्ने विषयमा मा० सदस्यहरुलाई विश्वस्त पार्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले बैठकको कारवाही अगाडि बढाउन खोज्नुहुँदा नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री सञ्जयकुमार गौतमलाई समय दिनुहुँदा उहाँले प्रतिनिधि सभा नियमावलीको व्यवस्था बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रम सदनको कार्यसूचीमा राखियोस् भन्नुहुँदै सरकारले सदन र प्रतिपक्षसँग पर्याप्त छलफल नै नगरी महत्वपूर्ण राजनैतिक निर्णयहरु लिएको र लगानी सम्मेलनको नाममा हतारमा विधेयकहरु पारित गरिरहेको लगायतका विषयका सम्बन्धमा सरकार गम्भिर भई जवाफ नदिएसम्म हाम्रो विरोध कायम रहन्छ भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यले उठाउनु भएको विषय र नियमावलीको व्यवस्थाप्रति सरकारको ध्यानाकर्षण गराउँछु भन्नुहुँदै मा० सदस्यहरुलाई आशन ग्रहण गर्न आग्रह गर्नुभएपछि मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री बिमलप्रसाद श्रीवास्तवले “विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५” पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको २ देखि ८ सम्मको कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक आजै आधा घण्टापछि बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ४:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री गगन कुमार थापा
४. मा० श्री भरत कुमार शाह
५. मा० श्री मोहन बानियां
६. मा० श्री रामकुमारी झाँक्री
७. मा० श्री प्रकाश रसाईली (स्नेही)

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५" का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १२ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५" का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १२ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५२ सम्म र सम्बन्धित अनुसूची "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७५ साल चैत्र १० गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको ५:३० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
तेस्रो अधिवेशन
## बैठक संख्या - ४४, ४५ र ४६
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल चैत १० गते आइतबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री लक्ष्मणलाल कर्णलाई समय दिनुहुँदा उहाँले पूर्व न्यायाधीश गिरीश चन्द्र लालको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन सभामुखको निर्देशन पश्चात सरकारले सार्वजनिक गर्ने प्रतिवद्धता गरेपनि हालसम्म सार्वजनिक नगरेकोले सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयप्रति सरकारले प्रतिवद्धता जनाइसकेको र अध्ययन पश्चात सार्वजनिक गर्ने नै छ भन्नुहुँदै मा० सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न बारम्बार अनुरोध गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक दश मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आजै दश मिनेटपछि बस्नेगरी दिनको १:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै दश मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीले अधिवेशन समापनको अवसरमा सदनमा बोल्ने कार्यक्रम रहेकोले सो समयमा मा० सदस्यहरुले उठाउनु भएको विषयका सम्बन्धमा समेत सम्बोधन हुनेनैछ भन्नुहुँदै मा० सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न अनुरोध गर्नुभएपछि उहाँहरु बस्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सभामा उत्पत्ति भएका "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५" र "भूउपयोग विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश र राष्ट्रिय सभामा उत्पत्ति भएका "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५" र "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "लेखापरीक्षण विधेयक, २०७५", "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५", "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक" २०७५", "सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५" र "प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशहरुको जानकारी गराउनु भयो ।

त्यसपछि कानुन, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५" पेश गर्नुभयो ।

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "पारमाणविक विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५" माथि आजै बस्ने अर्को बैठकमा छलफल गरी पारित गर्ने कार्यक्रम रहेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक आजै दश मिनेटपछि बस्नेगरी दिनको १:४० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री शेरबहादुर तामाङ
४. मा० श्री हितबहादुर तामाङ
५. मा० श्री कृष्णभक्त पोखेल

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५” का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनमा उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५” का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनमा उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ९ सम्म “मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक आजै दिनको ३:०० बजे बस्नेगरी दिनको २:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको तेस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको ३:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम चालु अधिवेशन समापनको अवसरमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले सरकारको भावी योजना, विगत र वर्तमानका उपलब्धीहरुका बारेमा जानकारी गराउनु हुँदै आफ्नो मन्तव्य राख्नुभयो ।

तदुपरान्त अधिवेशन समापनको अवसरमा निम्नलिखित मा० सदस्यहरुले मन्तव्य राख्नुभयो :-

१. मा० श्री विजय कुमार गच्छदार
२. मा० श्री महन्थ ठाकुर
३. मा० श्री राजेन्द्रप्रसाद श्रेष्ठ
४. मा० श्री प्रेम सुवाल

तत्पश्चात चालू अधिवेशनमा मा० सदस्यहरुबाट दर्ता हुन आएका मौखिक र लिखित प्रश्नहरु सभामा उत्तर दिन नभ्याइएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ४५ बमोजिम उक्त प्रश्न र उत्तर सम्बन्धित मा० मन्त्रीले टेबुल गर्ने कार्यक्रम अन्तर्गत सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित लिखित एवं मौखिक प्रश्न र उत्तरहरु टेबुल गर्नुभयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलले रक्षा मन्त्रालयसँग सम्बन्धित लिखित एवं मौखिक प्रश्न र उत्तरहरु टेबुल गर्नुभयो ।

त्यसपछि मा० कानुन न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सम्बन्धित मन्त्रीको तर्फबाट र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित लिखित एवं मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तदुपरान्त मा० कृषि तथा पशुपंक्षी विकास राज्यमन्त्री श्री रामकुमारी चौधरीले कृषि तथा पशुपंक्षी मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तत्पश्चात मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मौखिक तथा लिखित प्रश्नहरुको विवरण उपस्थिति तथा वितरण कक्षबाट उपलब्ध हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनुहुँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१० को उपनियम (४) बमोजिम औषधोपचार, जिल्ला भ्रमण, घरायसी कारण, सामाजिक कार्य, मध्यपहाडी लोकमार्ग अभियान लगायत विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सभाबाट स्वीकृत भयो ।

| सि.नं. | मा० सदस्यको नाम, थर | मिति | बैठक संख्या |
|---|---|---|---|
| १. | मा० डा० बाबुराम भट्टराई | २०७५।१०।१४ देखि २०७५।११।१७ सम्म | १० बैठक |
| २. | मा० श्री प्रदिप गिरी | २०७५।१०।१० देखि २०७५।१०।२९ सम्म | १० बैठक |
| ३. | मा० श्री पद्म नारायण चौधरी | २०७५।०९।११ देखि २०७५।१०।२० सम्म | १७ बैठक |
| ४. | मा० श्री बृजेश कुमार गुप्त | २०७५।१०।०४ देखि २०७५।१०।२३ सम्म | १० बैठक |
| ५. | मा० श्री निर्जला राउत | २०७५।०९।२८ देखि २०७५।१०।२९ सम्म | १४ बैठक |
| ६. | मा० श्री शेर बहादर देउवा | २०७५।०९।१३ देखि २०७५।१०।०८ सम्म | १० बैठक |
| ७. | मा० श्री रुही नाज | २०७५।११।०३ देखि २०७५।११।१८ सम्म | १० बैठक |
| ८. | मा० श्री दुलारी देवी खत्वेनी | २०७५।११।१५ देखि २०७५।११।२९ सम्म | १० बैठक |
| ९. | मा० श्री चाँदतारा कुमारी | २०७५।११।०८ देखि २०७५।१२।०३ सम्म | १५ बैठक |
| १०. | मा० श्री नागेन्द्र कुमार | २०७५।११।१० देखि २०७५।१२।१० सम्म | २२ बैठक |

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभाको तेस्रो अधिवेशन अवधिभर भए गरेका निम्नलिखित काम कारवाहीको संक्षिप्त विवरणको सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

(१) मा० सदस्यहरु, संघीय संसदको तेस्रो अधिवेशनसंगै प्रतिनिधि सभाको पहिलो बैठक २०७५ साल पुस ११ गते बुधबार प्रारम्भ भई आज २०७५ साल चैत १० गते आइतबारसम्म जम्मा ८९ दिन चालु रह्यो । जसमध्ये ३२ दिनमा ४६ पटक बैठक बसी जम्मा ६१ घण्टा ५ मिनेट ससंदीय काम कारवाहीमा व्यतित भयो ।

(२) यस अधिवेशन अवधिभर प्रतिनिधि सभामा जम्मा २३ वटा सरकारी विधेयक दर्ता भएकोमा ८ वटा विधेयकहरु सभामा प्रस्तुत हुन बाँकी रहेकोछ, ७ वटा विधेयक सम्बन्धित समितिहरुमा विचाराधीन छन् भने “जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५” र “भूउपयोग विधेयक, २०७५” माथि राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त भएको जानकारी सभामा टेबुल भएको छ र अन्य ६ वटा विधेयकहरु संघीय संसदको दुवै सदनबाट पारित भैसकेको छ । साथै सभाको दोस्रो अधिवेशनबाट प्राप्त विभिन्न ७ वटा विधेयक मध्ये ४ वटा विधेयक दुवै सदनबाट पारित भइसकेको छ भने २ वटा विधेयक समितिमा विचाराधीन अवस्थामा नै रहेको र “राहदानी विधेयक, २०७५” राष्ट्रिय सभामा विचाराधीन रहेको अवस्था छ ।

त्यसैगरी राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभाको दोस्रो र यस अधिवेशनमा प्राप्त भएको विभिन्न ८ वटा विधेयकहरु मध्ये ४ वटा विधेयक सभाबाट पारित भइसकेको छ भने “प्रशासकिय अदालत विधेयक, २०७५” समितिमा विचाराधीन रहेको छ र “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५”, “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५” र “विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५” सम्बन्धी राष्ट्रिय सभाबाट प्राप्त सन्देश सभामा टेबुल भएको छ ।

(३) २०७५ पुस ११ गते बैठकमा पेश भएको “कर्मचारी समायोजन अध्यादेश, २०७५” माथि छलफल गरी २०७५ पुस १७ गतेको बैठकबाट स्वीकृत भएको थियो ।

(४) सभाको विभिन्न बैठकहरुमा “नेपालमा सडक दुर्घटनामा परेर मृत्यु वा घाइते हुनेको तथ्यांक पछिल्लो ५ वर्षमा भयावह रुपमा बढिरहेकोले दुर्घटना रोक्न कदम चाल्नु पर्ने, साथै करिव २६ वर्ष अघि वनाइएको सवारी तथा यातायात व्यवस्था ऐन र २० वर्ष अघिको सवारी तथा यातायात व्यवस्था नियमावलीका आधारमा यातायात व्यवस्थापन भइरहेको अवस्थामा सडक सुरक्षाको व्यवस्थापन, शिक्षा र सचेतना मार्फत सडक प्रयोगकर्तालाई सुरक्षित वनाई राष्ट्र संघीय दिगो विकास लक्ष्यले तोकेको २०२० भित्र सडकजन्य दुर्घटनामा परेर ज्यान गुमाउने र घाइते हुनेहरुको संख्या घटाउन राष्ट्रिय सडक सुरक्षा कार्ययोजना २०१३-२० कार्यान्वयन गरियोस् ।” भन्ने सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव, “स्वास्थ्य बीमा ऐन अर्न्तगतका कार्यक्रमलाई देशव्यापी रुपमा लागू गर्दै गुणस्तरीय औषधी उपकरण र जनशक्तिको प्रबन्ध गरी सातवटै प्रदेशहरुमा पूर्ण

क्षमताका अस्पतालको Emergency, ICU लगायतको प्रबन्ध गरी सम्पूर्ण नागरिकहरुलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि कानून, नियम र निर्देशिकाहरु बनाई लागू गर्न आवश्यक भएको ।" भन्ने सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव र "नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशमा प्रचलित अन्धविश्वासमा आधारित छाउपडी प्रथाजस्तो कुसंस्कारका कारण सुत्केरी तथा महिनावारी भएका महिलाहरुले अपमान र अमानवीय व्यवहार सहँदै आउनु परेको, वर्षेनी बलात्कार, हिंसाको शिकार हुनु परेको, फौजदारी कानुन बनेर कार्यान्वयनमा आइसक्दा पनि कुसंस्कारको अन्त्य नभएकोले उक्त रुढिवादी प्रथाको अन्त्यका लागि संघीय तहदेखि स्थानीय तहसम्म विशेष अभियान सञ्चालन गरी कानुन कार्यान्वयनमा जोड दिनु पर्ने भएकोले ।" भन्ने सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्तावहरु उपर छलफल भई सम्बन्धित मा० मन्त्रीबाट जवाफ दिने कार्य सम्पन्न भएको थियो ।

(५) २०७५ माघ ४ गतेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद ९ को व्यवस्था बमोजिम प्रारम्भ भएको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रममा मा० सदस्यहरुले उठाउनु भएको प्रश्नहरुको जवाफ सम्माननीय प्रधानमन्त्रीबाट दिने कार्य भएको थियो ।

साथै सभाको विभिन्न बैठकहरुमा गृह मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालयसँग, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, खानेपानी मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर सम्बन्धित मा० मन्त्रीबाट दिइएको थियो भने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित लिखित प्रश्न नं. १ स्वतः टेबुल भएको थियो । त्यस्तै विभिन्न मन्त्रालयबाट उत्तर प्राप्त भै सदनमा प्रस्तुत गर्न बाँकी रहेका मौखिक एवं लिखित उत्तरहरु समेत टेबुल भैसकेका छन् ।

(६) सभाको विभिन्न बैठकहरुमा "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अट्ठाइसौं वार्षिक प्रतिवेदन २०७४/०७५", "राष्ट्रिय मानव अधिकार आयोगको आ.व. २०७४/२०७५ वार्षिक प्रतिवेदन", "सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७४/०७५", "न्याय परिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन २०७४/०७५", "निर्वाचन आयोगको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन", "लोक सेवा आयोगको उनान्साठ्ठीऔं वार्षिक प्रतिवेदन २०७४/०७५" र "महान्यायाधिवक्ताको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन" सभा समक्ष पेश गर्ने कार्य सम्पन्न भयो ।

(७) यस अधिवेशन अवधिभर पूर्व सदस्यहरु चक्रप्रसाद बाँस्तोला, पद्मरत्न तुलाधर, मोतिदेवी थारु, कमला देवी शर्मा, रविन्द्र प्रसाद अधिकारी, भरतमोहन अधिकारी, गणेश पण्डित र जीतबहादुर पुरीको निधन भएकोमा शोक प्रस्तावहरु पारित भएका छन् ।

(८) यसै अवधिमा सदनको विभिन्न बैठकहरुमा सम्माननीय प्रधानमन्त्रीले चालु आ.व.को नीति तथा कार्यक्रम एवं बजेट कार्यान्वयनका बारेमा, मा० गृह मन्त्रीले नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धनबीच भएको सम्झौताका विषयमा र मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले गिरिश चन्द्र लाल आयोगको प्रतिवेदन सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/१२/७ को सिफारिशमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन सम्वत् २०७५ साल चैत्र १० गते आइतबारका दिन राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।

२०७५ चैत १० (विद्यादेवी भण्डारी)

तदनन्तर प्रतिनिधि सभाको चालु अधिवेशन आज राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव